**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८२/०३/०३ गते।

बैठक बसेको समयः अपराह्न २:०० बजे।

**उपस्थिति**

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्णबहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | [signature] |
| २. | श्री धनबहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | [signature] |
| ३. | श्री गोविन्दबहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | [signature] |
| ४. | श्री मुकुन्दप्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | [signature] |
| ५. | श्री लालबहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | [signature] |
| ६. | श्री खड्गबहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | [signature] |
| ७. | श्री भुपालसिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | [signature] |
| ८. | श्री वीरबहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | [signature] |
| १०. | श्री कृष्णप्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | [signature] |
| ११. | श्री मोहनबहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | [signature] |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | [signature] |
| १३. | श्री तिलकबहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | [signature] |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | [signature] |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | [signature] |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | [signature] |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | [signature] |
| १८. | श्री कमलबहादुर दमै | गाउँ कार्यपालिका सदस्य | [signature] |
| १९. | श्री लोकबहादुर विक | गाउँ कार्यपालिका सदस्य | [signature] |
| श्री टंकबहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | | सचिव, गाउँ कार्यपालिका | [signature] |

श्री जीतेन्द्र गिरी, अधिकृत आठौं (प्रशासन शाखा) [signature]

श्री चन्द्रिका थापा, कार्यालय सहयोगी [signature]



Scanned with CamScanner

मिति २०८२/०३/०३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्वन्धित शाखा/वडा/ विषयगत समिति |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा | प्रशासन शाखा |
| २. | गाउँसभाको १६ औं अधिवेशन (बजेट अधिवेशन) बैठकको मिति तोक्ने सम्वन्धमा | प्रशासन शाखा |
| ३. | उपचार खर्च सम्बन्धमा | आर्थिक प्रशासन शाखा |

निर्णय नं. १
प्रस्ताव नं. १ माथि छलफल गर्दा यसअघि मिति २०८२/०२/२८ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरु समीक्षा गरियो।

निर्णय नं. २
प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका गाउँसभाको १६ औं अधिवेशन (बजेट अधिवेशन) तपसिलको मिति, समय र स्थानमा निम्न प्रस्तावहरुमाथि छलफल गर्न गाउँसभाको बैठक वस्ने निर्णय सर्वसम्मत पारित गरियो।

<u>प्रस्तावहरुः</u>

१. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट पेश
२. आर्थिक विधेयक, २०८२ पेश
३. विनियोजन विधेयक, २०८२ पेश
४. विविध।

निर्णय नं. ३
प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ३ का वडा अध्यक्ष एवम् गाउँपालिकाको प्रवक्ता श्री लाल बहादुर स्याङ्तानको पत्थरीको अपरेशन गर्दा लागेको खर्चमा सहयोग हुने गरी रु ५० हजार रकम उहाँलाई सुविधा स्वरुप प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिलः</u>
मितिः- २०८२/०३/१०
समयः- बिहान ११:०० बजे
स्थानः- तीनपाटन गाउँपालिकाको सभाहल

*उल्लिखित प्रस्ताव उपर सर्वसहमत निर्णय गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।*